मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १८२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ ६ गते आइतवार (Sunday, 19 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

**गणतन्त्र दिवस भव्यरुपमा मनाऔं**

लोकतान्त्रिक गणतन्त्रका उपलब्धीलाई संस्थागत गरौं । संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तोकिएकै मितिमा निर्वाचन हुन्छ : अध्यक्ष पोखरेल



**काठमाडौँ, जेठ ५।** नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले महासङ्घको निर्वाचन तोकिएको मितिमा हुने बताएका छन् ।

महासङ्घको प्रतिष्ठान प्रदेश कमिटीको चौथो साधारणसभा तथा पत्रकारिताको सामयिक विमर्श विषयमा शनिवार राष्ट्रिय समाचार समिति ( रासस) को केन्दीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष पोखरेलले महासङ्घको निर्वाचन यही जेठ २६ गते नै हुने बताएका हुन् । निर्वाचन सर्छ भन्ने आशङ्का नराख्न आग्रह गर्दै उनले निर्वाचन समिति गठन गरी समितिले कार्य प्रारम्भ गरिसकेको जानकारी दिए ।

महासङ्घको गत वैशाख २१ र २२ गते काठमाडौँमा सम्पन्न २७ औं राष्ट्रिय महाधिवेशनले केन्द्र, प्रदेश र जिल्लामा नयाँ नेतृत्वका लागि मिति निर्धारण गरेको थियो । सदस्यता शुद्धीकरणले अन्तिम रुप नलिइसकेकाले समयमा निर्वाचन हुन नसक्ने आशङ्का गरिएको थियो । कार्यक्रममा महासङ्घका पूर्वसभापति तथा वक्ताहरुले पत्रकारिता क्षेत्रलाई व्यावसायिक, स्वतन्त्र र जिम्मेवार बनाउन नयाँ पुस्ता लाग्नुपर्नेमा जोड दिए । उनीहरुले महासङ्घमा दलीय निकटताका आधारमा भागबण्डा खोज्ने प्रवृत्ति गलत भएको पनि बताएका थिए ।

पूर्वसभापति हरिहर विरही, विष्णु निष्ठुरी, डा. सुरेश आचार्य, डा. महेन्द्र विष्ट, वर्तमान सल्लाहकार निर्मला शर्मालगायतले महासङ्घलाई साझा र व्यावसायिक पत्रकारको छाता संस्थाका रुपमा कायम राख्न आग्रह गरे ।

*(बाँकी अन्तिम पृष्ठमा)*

### झापामा मिडिया सम्मेलन सम्पन्न

# १० बुँदे घोषणापत्र जारी

**झापा, जेठ ५।** नेपाल पत्रकार महासंघ झापा शाखाले १० बुँदे घोषणा पत्र जारी गर्दै मिडिया सम्मेलन सम्पन्न गरेको छ ।

संघीयतामा सञ्चार नीति, अवस्था र चुनौति विषयमा भएको मिडिया सम्मेलनले सञ्चार नीतिमा उल्लेख भएअनुसार विकेन्द्रीत नीतिलाई कार्यान्वय गर्न माग गरेको छ । त्यस्तै श्रमजीवि पत्रकारिता ऐन पूर्ण कार्यान्वन हुनु पर्ने, संघीयतालाई कार्यान्वय गर्ने सन्दर्भमा बढ्दै गएको विकृति र गिर्दो आचरणलाई सुधार गर्न माग गरिएको छ । प्रविधिको बढ्दो विकाससँगै धरासायी बन्दै गएको पत्रकारिता क्षेत्रलाई संस्थागत गर्नका लागि राज्य पक्षबाट सञ्चार नीतिलाई कार्यान्वयन गर्न माग गरिएको छ । सञ्चार नीतिमा उल्लेख भएको लैंगिक, भाषिक, भौगोलिक र जातीय प्रतिनिधित्व हुने गरी नीति गत समावेशीतालाई स्थानीय तहसम्म कार्यान्वयन गरिनु पर्ने भनिएको छ ।

जारी घोषणा पत्रमा लोक कल्याणकारी विज्ञापनलाई पुनः परिभाषित गरी यसलाई बहुउपयोगी बनाउन माग गरिएको छ भने आम सञ्चार र पत्रकारिता क्षेत्रलाई विषय बनाएर अध्ययन गरिरहेका विद्यार्थीहरुलाई यसै क्षेत्रमा क्रियाशील बनाउने वातावरण सिर्जना गरी सञ्चार क्षेत्रमा आकर्षित गर्नु पर्ने माग गरिएको छ ।

पत्रकार महिलाको पेशागत तथा भौतिक सुरक्षाका लागि विशेष प्याकेजको प्रबन्ध गर्न माग गरिएको छ भने सञ्चार माध्यमको दर्ता, वर्गीकरण, विज्ञापन नीति, संघीय, प्रादेशिक र स्थानीय तहको अलग-अलग ऐन तत्काल ल्याउन र कार्यान्वयनका लागि माग गरिएको छ । त्यस्तै कनकाई नगरसहित समग्र झापाका पर्यटकीय क्षेत्रको प्रबर्द्धनसँगै पर्यटन पत्रकारितालाई जोड्नु पर्ने घोषणा पत्रमा उल्लेख छ ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेश कोषाध्यक्ष बिमल लामिछानेको संयोजकत्व केशव भट्टराई, लीला अनमोल र सन्तोष शर्मा सदस्य रहेको गठित घोषणापत्र जारी समितिले उक्त मागसहित १० बुँदे घोषणापत्र जारी गरेको हो । झापाको कनकाई नगरपालिकास्थित जामुनखाडी सीमसार तथा पर्यटकीय क्षेत्रमा आयोजना





गरिएको मिडिया सम्मेलनको उद्घाटन कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले गरेका थिए ।

मिडिया सम्मेलनमा संघीयतामा सञ्चारः नीति, अवस्था र चुनौतिसँगै डिजिटल पत्रकारिता अवसर र चुनौति तथा पत्रकारिता र बिज्ञापनका बिषयमा समेत छलफल भएको थियो । नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष शिव गाउँलेले सहजीकरण गरेको संघीयतामा सञ्चारः नीति, अवस्था र चुनौतिका बिषयमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री लीलावल्भव अधिकारी, सूचना तथा प्रशारण बिभागका निर्देशक भरत गौतम, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय अध्यक्ष धमेन्द्र झा, महासंघका बरिष्ठ उपाध्यक्ष रमेश बिष्ट, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल लगायतले प्यानलगत रुपमा छलफल गरेका थिए ।

त्यस्तै डिजिटल पत्रकारिता अवसर र चुनौति बिषयमा बिज्ञ अरुण कार्की र पत्रकारिता र बिज्ञापनका बिषयमा बिज्ञापन बोर्ड नेपालका अध्यक्ष लक्ष्मण हुमागाँईले सहजीकरण गरेका थिए ।नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको मिडिया सम्मेलनमा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष बिक्रम लुइटेल, महासंघका कार्यबहाक अध्यक्ष लवदेव ढुङ्गानालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा कोशी प्रदेशका १४ वटै जिल्लाका अध्यक्षसहितका पत्रकारको सहभागिता रहेको थियो । उनीहरुले पत्रकारिता क्षेत्रमा भित्रिएको नयाँनयाँ प्रविधि र यसले पत्रकारिता क्षेत्रलाई पार्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे समेत जिज्ञासा राखेका थिए ।

कनकाई नगरपालिकाको आर्थिक सहयोगमा भएको मिडिया सम्मेलनमा स्वागत महासंघ झापा शाखाका उपाध्यक्ष केशव भट्टराईले गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए ।

## दिक्तेल-खानीडाँडा-आहाले सडकः छ वर्षपछि कालोपत्र शुरु

**खोटाङ, जेठ ५।** कालोपत्रको ठेक्का लिएको छ वर्षपछि दिक्तेल-खानीडाँडा-आहाले सडकको कामले गति लिएको छ ।

सदरमुकाम दिक्तेल बजारबाट पूर्वी तराई जोड्ने यो सडक विसं २०७६ चैत ७ गतेसम्ममा कालोपत्र गर्नेगरी याक्थुङहाङ-साप-सिरुवा जेभीले विसं २०७५ असोज १ गते ठेक्का लिएको थियो ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले भ्याटसहित रु. २१ करोड एक लाख ८८ हजारमा सम्पन्न गर्ने गरी १० दशमलव ९७४ किलोमिटर सडकखण्ड कालोपत्रको ठेक्का लगाएको थियो । मूल ठेकेदारसँग सम्झौता गरी यसअघि दुईवटा ठेकेदार कम्पनीले पेटी ठेक्का लिएर अलपत्र छाडेका थिए । हाल बाँकी काम गर्ने जिम्मा श्री निक बिल्डर्स प्रालिले लिएको छ ।

दिक्तेलबाट खानीडाँडा विमानस्थल हुँदै उदयपुरको गाईघाट जोड्ने उक्त सडक अहिले धमाधम कालोपत्र भइरहेको स्थानीयवासी सन्तोष पौडेलले जानकारी दिए । ढिलै भए पनि सडक कालोपत्र हुने भएपछि स्थानीय बासिन्दा हर्षित भएका छन् । शुरुमा राम्चे निर्माण सेवा कम्पनीका कल्याण दाहाललाई प्रतिनिधि राखेको ठेकेदार कम्पनीले दोस्रोपटक खोटाङ हलेसी कन्स्ट्रक्सन प्रालिका खगेन्द्र राईलाई प्रतिनिधि चयन

*(बाँकी अन्तिम पृष्ठमा)*

## वैदेशिक रोजगारीमा गएकाको अधिकार सुरक्षित गर्नुपर्नेमा जोड





**काठमाडौँ, जेठ ५।** नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वैदेशिक रोजगारीमा गएका नेपालीको हकअधिकार सुरक्षित गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी सङ्को १२ औँ वार्षिक साधारणसभाको शनिवार उद्घाटन गर्दै उनले वैदेशिक

*(बाँकी अन्तिम पृष्ठमा)*

## तराईमा अझै केही दिन गर्मी बढ्ने

**काठमाण्डौ, जेठ ५।** तराई-मधेशमा तातो हावाको लहर चल्दा जनजीवन कष्टकर भएको छ । पश्चिम तराईका धेरैजसो जिल्लामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ भने पूर्वी तराईमा पनि अधिकतम तापक्रम ४० डिग्री सेल्सियसकै आसपासमा पुगेको छ ।

तराई- मधेशका धेरै जिल्लामा न्यूनतम् तापक्रम पनि २७-२८ डिग्री सेल्सियसको आसपासमा रहेकाले रातमा पनि अत्याधिक गर्मी हुने गरेको छ । तराई मधेशका जिल्लामा तातो हावाको लहर अझै केही दिन चल्ने देखिएको छ । मौसम तथा जलवायु विज्ञ डाक्टर धर्मराज उप्रेती अझै केही दिन तराई मधेशमा गर्मी बढ्ने र कतिपय ठाउँमा अधिकतम तापक्रम ४४ देखि ४५ डिग्री सेल्सियससम्म पुग्ने अनुमान रहेको बताउँछन् ।



तापक्रम बढेपछि शरीरमा पसिना आउने, पानीको कमी हुने, रगत जम्ने, घाँटीमा समस्या आउने, आँखा र छालामा समस्या आउने तथा कतिपयलाई हिट स्ट्रोक भएर मुर्छा पर्ने, अपाङ्गता हुने तथा ज्यान जाने खतरा हुने स्वास्थ्य मन्त्रालयका वरिष्ठ

*(बाँकी अन्तिम पृष्ठमा)*

## लागूऔषध– सहित पक्राउ

**उर्लावारी, जेठ ५।** पथरी शनिश्चरे नगरपालिका-४ सम्झना चोकबाट लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५० मिलिग्रामसहित सोही ठाउँ बस्ने १७ वर्षीय र १६ वर्षीय २ जना किशोरलाई प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट कीर्तिपुरबाट गस्तीमा खटिएको प्रहरीले प्र.१-०२-०५३ प ६२६३ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

त्यस्तै बराहक्षेत्र नगरपालिका-१ खारखोलाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ डेरा गरी बस्ने धनकुटा पाख्रिबास नगरपालिका-४ घर भएकी २१ वर्षीया जमुना कार्की र उनकै श्रीमान भारत खोरीपारी थाना डुलाल जोत पोष्ट बस्ने ३५ वर्षीय जिन तामाङ रहेको प्रहरीले जनाएको छ । उनीहरुको सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# अब लाइसन्स बोक्नु नपर्ने

**बिर्तामोड, जेठ ५।** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र यातायात व्यवस्था कार्यालयले राष्ट्रिय परिचयपत्रमै सवारी चालक अनुमतिपत्रको विवरण समावेश गर्न प्राविधिक कार्य भइरहेको बताएका छन् ।

सवारी चालक अनुमपतिपत्रहरूको विवरण राष्ट्रिय परिचयपत्रमा एकीकृत गर्ने काम सकिएपछि सवारी चालक अनुमतिपत्र नै बोकिरहनु पर्ने बाध्यता नहुने अधिकारीहरूको दावी छ । तर यातायात ऐनमा सवारी चालक परिचयपत्रको छुट्टै व्यवस्था भएका कारण लाइसन्सको छपाइको काम भने नरोकिने यातायात व्यवस्था कार्यालयले जनाएको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको राष्ट्रिय परिचयपत्र शाखाका निर्देशक मुकेशकुमार केशरीले आगामी एक महिनाभित्रै देशभरिबाट जारी भएका सवारी चालक अनुमतिपत्रहरूको विवरण राष्ट्रिय परिचयपत्रमा एकीकृत गर्ने काम सक्ने गरी काम भइरहेको बताए ।

राष्ट्रिय परिचयपत्र देखाइसकेपछि प्रहरीले त्यसमा भएको कोड स्क्यान गरेर त्यसमा सवारी चालक अनुमतिपत्रको सूचना पनि हेर्न सक्छन् र त्यही आधारमा जरिबाना पनि गर्न सक्छन- उनले भने । राष्ट्रिय परिचयपत्रको अवधारणा नै राज्यको एकमात्र परिचयपत्र बोक्ने हो । त्यो भए अरू बोक्न पर्दैन भन्ने अवधारणा अनुसार काम भइरहेको छ ।

**सामाजिक सुरक्षाका लागि पनि** ...

राहदानी बनाउने बाहेकका काममा प्रयोगमा नआएको राष्ट्रिय परिचयपत्रलाई अब पेन्सन र सामाजिक सुरक्षा भत्ता लिन अनिवार्य गर्ने तयारी





भइरहेको अधिकारीहरूले बताएका छन् । अहिले करिब एक खर्ब नौ अर्ब रकम सामाजिक सुरक्षा भत्तामा खर्च हुँदै आएको छ । तर सरकारी सेवाबाट अवकाश पाएर पेन्सन लिइरहेका कतिपय व्यक्तिहरूले पनि सामाजिक सुरक्षा भत्ता लिइरहेको र त्यसलाई रोक्न नसकिएको गुनासो हुने गरेको छ । राष्ट्रिय परिचय पत्र अनिवार्य गर्ने हो भने सामाजिक सुरक्षा भत्तामा मानिसहरूले दोहोरो बुझिरहेको एक अर्ब बच्ने हाम्रो अनुमान छ- केशरी भन्छन् ।

यसको कार्यान्वयन पहिलो चरणमा आगामी आर्थिक वर्षबाट २८ जिल्लामा शुरु गर्ने तयारी रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले जनाएको छ । राजपत्रमा सूचना प्रकाशित गरेर यसको कार्यान्वयन गर्नेबारे छलफल भइरहेको छ- केशरीले भने ।

**छापिएका छैनन् १ करोड बढी**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका अनुसार नेपालमा हालसम्म १ करोड ४८ लाख जना नागरिकले राष्ट्रिय परिचयपत्र दर्ता गरिसकेका छन् । तर राष्ट्रिय परिचयपत्रको छपाइ भने ३६ लाख मात्रै हुँदा अझै एक करोड १२ लाख मानिसहरूको परिचयपत्र बनिसकेको छैन । बनेका पनि अधिकांशले यस्तो परिचयपत्र अनिवार्य नभएका कारण सरकारी निकायबाट आफ्नो परिचयपत्र लिएका छैनन् । अहिले दैनिक १८ हजारप्रति राष्ट्रिय परिचयपत्र छपाइ हुने गरेको र अब परिचयपत्र लिन लामो समय पर्खनु नपर्ने विभागको दाबी छ ।

सरकारले परिचयपत्र दर्ता गर्दा दिइने राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा सरकारी सेवा लिन सकिने सुविधा दिँदै आएको छ । परिचयपत्र दर्ता गर्ने क्रममा राखिएको बायोमेट्रिकको विवरण विद्युतीय प्रणालीमा राखिएका कारण त्यसबाटै सरकारी निकायहरूले व्यक्तिको जानकारी लिनसक्ने व्यवस्था मिलाइएको अधिकारीहरू बताउँछन् ।

अहिले नयाँ राहदानी बनाउन र नवीकरणका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको छ । राहदानी विभागले परिचयपत्रको त्यही विवरणका आधारमा राहदानी रुजु गर्दै आएको छ । यसअघि धेरै निकायमा परिचयपत्र अनिवार्य नभएका कारण मानिसहरूले चासो नलिएको विभागका अधिकारीहरू स्वीकार गर्छन् । परिचयपत्रको उपयोगिता अहिलेसम्म नदेखिएको कारणले धेरै जनाले लिन आइरहनुभएको छैन । हामीले अब केही समयभित्रै राजपत्रमा सूचना प्रकाशन गरेर परिचयपत्र बोकेपछि नागरिकता नै बोक्न नपर्ने भनिरहेका छौं - केशरी भन्छन् । सिम कार्ड लिन, बैंक खाता खोल्न र अन्य कामका लागि पनि राष्ट्रिय परिचयपत्र भए पुग्ने व्यवस्था गर्न लागिएको विभागको दाबी छ । प्यान कार्ड र स्वास्थ्य बीमा

*(बाँकी अन्तिम पृष्ठमा)*



# एक सय दुई वर्षमा आँखाको ज्योति फर्किएपछि...



**खोटाङ, जेठ ५।** खोटाङको दिप्रुङचुइचुम्मा गाउँपालिका-७ टेम्माका सहरमान विश्वकर्माको दुवै आँखाको दृष्टि ९८ वर्ष उमेर पुगेपछि कमजोर हुँदै गयो। बढ्दो उमेरसँगै आँखा पनि कमजोर भएको होला भन्ने लागेर उनले वास्ता गरेनन्। विस्तारै नजिकैका मानिस तथा वस्तु चिन्न छाडे। दुई वर्षअघिदेखि सहरमान अरुको सहाराबिना हिँडडुल गर्न नसक्ने भए। श्रीमतीको मृत्युपछि दुई वर्षसम्म नातिको सहारामा हिँडडुल गरे।

उनको जीवनमा फेरि खुसी फर्किएको छ। एक सय दुई वर्षको उमेरमा उनको आँखाको ज्योतिसँगै खुसी पनि फर्किएको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकासँगको सहकार्यमा नेपाल नेत्रज्योति सङ्घ खोटाङ र आँखा उपचार केन्द्र दिक्तेलले आयोजना गरेको निःशुल्क आँखा शिविरमा उनको आँखा परीक्षण गर्दा दुवै आँखामा मोतीयाबिन्दु भएको थाहा भयो। वैशाख ३० गते दाहिने र ३१ गते देब्रे गरी उहाँका दुवै आँखाको निःशुल्क शल्यक्रिया गरियो।

नेपाल नेत्रज्योति सङ्घ, सगरमाथा चौधरी आँखा अस्पताल लहानका नेत्ररोग विशेषज्ञ डा. दीवाकर चौधरीको नेतृत्वमा शल्यक्रिया शिविरका लागि खोटाङ पुगेको टोलीले सहरमानको दुवै आँखाको मोतीयाबिन्दुको सफल शल्यक्रिया गरेको हो।

दुई दिनअघि नातिको सहारामा आँखा शिविर आएका सहरमान अहिले कसैको सहाराबिनै हिँडडुल गर्नसक्ने भएका छन्। शल्यक्रिया पछि आँखाको दृष्टि खुलेसँगै उनी लौरो टेकेर खुसी हुँदै शिविर वरपर हिँडडुल गरे। गुमेको आँखाको दृष्टि पुनःफर्किएपछि उनमा खुसीको सीमा छैन। अहिले त हेर्न पाएँ, सबैलाई देख्न पाएँ, मलाई हर्ष छ, मेरो मन कति रमाएको छ- उनले खुसी हुँदै भने। शल्यक्रियापछि पुनःसंसार हेर्न पाएकाले अरुले पनि यसरी संसार देख्न सकून् भन्दै उनले आर्शीवाद दिए।

आँखा देखेपछि खुसीका आँसु झार्दै उज्यालो देखाउने सबैलाई उनले धन्यवाद दिए। मलाई परमेश्वरले फेरि खुसी दिनुभयो, मेरो लागि तपाईँहरु सबै जना परमेश्वर हुनुहुन्छ- सहरमानले भने।

नेपाल नेत्रज्योति सङ्घ खोटाङका सभापति इन्द्र कसजूकाअनुसार तीन दिनसम्म चलेको शिविरमा सहरमान जस्तै एक सय तीन जना मोतीयाबिन्दुको र ३९ जना अन्य समस्याका गरी जम्मा एक सय ४२ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ। तीन सय ७३ जनालाई निःशुल्क चश्मा तथा छ सय ५० जनालाई निःशुल्क औषधि वितरण गरिएको उनले जानकारी दिए।

नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले सङ्घ अन्तर्गतका आँखा अस्पतालले देशैभरि विभिन्न शिविरमार्फत वार्षिक हजारौँ आँखाका बिरामीको निःशुल्क उपचार गरिरहेको जानकारी दिए।

सङ्घअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, एक सय ५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखा सञ्चालनमा छन्। स्थापनादेखि हालसम्म सङ्घले नेपाली नागरिक तथा अन्य देशका गरी कूल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीलाई उपचार गरिसकेको छ। ५१ लाख ३३ हजार छ सय ५९ जनाको आँखाको शल्यक्रिया गरिसकेको छ।

# चार चलचित्र प्रदर्शन हुँदै




**काठमाडौँ,जेठ ५।** शुक्रबार नयाँ चलचित्र प्रदर्शन गर्ने गरिन्छ। यद्यपि शुक्रबार कुनै नयाँ चलचित्रको प्रदर्शन गरिएको छैन। जेठमा दुई सातामा चार चलचित्र प्रदर्शन हुँदैछन्। बाँकी तीन साता कुनै चलचित्रको प्रदर्शन तय गरिएको छैन।

यही जेठ १० मा 'फर्की फर्की' र 'पुजार सार्की' तथा जेठ २५ मा 'लन्डन टू पेरिस' र 'गाउँ आएको बाटो' चलचित्र प्रदर्शन हुँदैछन्। जेठमा पाँच शुक्रबार भए तापनि दुई साता मात्र चलचित्रको भीडन्त छ। बिदा र उचित समय देखेर नै यी प्रदर्शन मिति घोषणा गरिएका हुन सक्छन्।

'फर्की फर्की' का निर्माता रोहित अधिकारीले आफूले पहिले नै चलचित्रको प्रदर्शन मिति तय गरिएको बताए। उनले भने -हामीले खाली समय हेरेर प्रदर्शन घोषणा गरेका हौँ, हामीले कसैसँग प्रतिस्पर्धा गर्न गरेका होइनौँ, हामी विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्ने तयारीअनुरुप आएका हौँ। उनले आफ्नो चलचित्रमा 'टाइम लुप' को नयाँ 'कन्सेप्ट' हेर्न पाइने बताए।

सुयोग गुरुङले निर्देशन गरेको चलचित्रमा अनमोल केसी, जसिता गुरुङ, रवि काफ्ले, समृद्धि अर्याल, निर्मल शर्मा, कृष्ण मल्ललगायतका कलाकारले अभिनय गरेका छन्। सोही मितिमा प्रदर्शन हुने अर्को चलचित्र 'पुजार सार्की' लाई निर्देशक दिनेश राउतले निर्देशन गरेका छन्। जातीय र वर्गीय विभेदको कथालाई मिश्रित समाजको पृष्ठभूमिमार्फत देखाएको चलचित्रले 'जात होइन, मानवता' भन्ने सन्देश दिने निर्देशक राउतले बताए।

चलचित्रको प्रदर्शन निर्माताले तय गर्नुभयो, सायद त्यो समयभन्दा अगाडि जाँदा धेरै समय लाग्थ्यो होला, मैले यसपटक मिश्रित समाजको एकताले विकास ल्याउँछ भने विभेदले विनाश भन्ने देखाउन खोजेको छु, मैले अघिल्ला चलचित्रमा प्रस्तुत गरेको कथाको निचोड पनि यसलाई भन्न सकिन्छ- निर्देशक राउतले भने।

विकास सुवेदीले लेखेको चलचित्रमा आर्यन सिग्देल, प्रदीप खड्का, अञ्जना बराइली, परीक्षा लिम्बू, पल शाहलगायतका कलाकारले अभिनय गरेका छन्। जेठ १० पछि एकै पटक जेठ २५ मा दुई चलचित्र प्रदर्शन हुँदैछन्। यो मितिमा प्रदर्शन हुने चलचित्र 'लन्डन टू पेरिस' लाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन्। यसमा युवापुस्ताको प्रेम र त्यसलाई परिवारसँग समायोजन गर्न नसक्दाको कथालाई देखाइएको छ। निर्देशक लामिछानेले चलचित्रले युवासँगै अभिभावकलाई पनि सचेत गराउने बताए।

यसमा हामीले अहिलेको पुस्ताका प्रेम देखाएका छौँ, अघिल्लो पुस्ता र अहिलेको पुस्ता बीचको खाडललाई यसमा प्रस्तुत गर्नाका साथै समाधान पनि देखाएका छौँ, चलचित्रमा मनोरञ्जन छ नै साथै प्रवासी नेपालीको कथा पनि छ- निर्देशक लामिछानेले भने। प्रदीप भारद्वाजले लेखेको चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाह, कवीर खड्का, निश्चल खड्का, गरिमा शर्मालगायतका कलाकारले अभिनय गरेका छन्।

सोही मितिमा प्रदर्शन हुने चलचित्र 'गाउँ आएको बाटो' लाई नवीन सुब्बाले निर्देशन गरेका छन्। गाउँमा बाटोले विकाससँगै के-के ल्याएको छ भन्ने तथ्यलाई एउटा परिवारमार्फत देखाइएको चलचित्रमा दयाहाङ राई, पशुपति राई, प्रसन राई, केशव राई, सुमित्रा राई, राज थापा, प्रेम सुब्बा लगायतका कलाकारले अभिनय गरेका छन्।

कहिलेकाहीँ गाउँ आउने बाटोले गाउँलाई सहरसँग जोड्छ वा सहरमा तान्छ, बसाइँसराइ, आधुनिकतासँगै गाउँ नै रित्तो पनि बनाउने गरेको छ, हामीले यस्तै विषयलाई एउटा परिवारको आँखा वा भोगाइबाट व्यक्त गरेका छौँ, यो हाम्रो ग्रामीण भेगको कथा हो- निर्देशक सुब्बाले भने। महेश राई र निर्देशक सुब्बाले लेखेको यो चलचित्रको छायाङ्कन जोस हेरम, सम्पादन क्वान पुन लिउङ र हेडी लीले सङ्गीत सृजना गरेका हुन्। जेठमा पर्याप्त समय भएपनि दुई मितिमा मात्र चलचित्रको प्रदर्शन तय गरिनु विदेशी चलचित्रलाई छल्दै स्थानीय बिदा लक्षित गरिएको हुनसक्ने वितरक करण श्रेष्ठले बताए।

पाँच हप्ता हुँदाहुँदै पनि दुई हप्तामा मात्र चलचित्र प्रदर्शन हुनु राम्रो सङ्केत होइन, यहाँ सहमति जुटेको भए सबैले एकल प्रदर्शन पाउँथे, मपाईंले गर्दा सहमति भएन भन्न कठिन छैन, यसले राम्रो सन्देश जाँदैन, किनकि नेपालसँगै विदेश प्रदर्शनमा पनि यसको प्रभाव पर्छ- वितरक श्रेष्ठले भने।

## अब ...

प्रणालीलाई पनि यो कार्डमा एकीकरण गरिसकिएको र छिट्टै मतदाता परिचयपत्रलाई पनि यसमै समेट्ने तयारी भइरहेको विभागले जनाएको छ।

**अनिवार्य गर्दा पर्ने अप्ठ्यारो**

राष्ट्रिय परिचयपत्रमा दर्ता हुन बाँकी मानिसहरूको सङ्ख्या अझै धेरै रहेको र छापिएकामध्ये पनि अधिकांशले यस्तो परिचयपत्र नलिएका कारण यसको प्रयोग अनिवार्य गर्दा मानिसहरूलाई वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने भत्ता लगायतका सामाजिक सुरक्षा सुविधा लिन झण्झट हुनसक्ने कतिपयको बुझाइ छ।

ललितपुरको क्योन्जोसोम गाउँपालिका-२ का वडाध्यक्ष रोहन घलान तामाङ यस्तो परिचयपत्र अनिवार्य गर्दा पर्ने अप्ठ्यारोबारे हालैमात्र आफूहरूले कार्यपालिका बैठकमा छलफल गरेको बताउँछन्। हाम्रो वडामा पनि परिचयपत्रको टोली आएर विवरण लिए पनि परिचयपत्र आइसकेको छैन। कतिपय बूढाबूढीको अझै बनाउन बाँकी छ, उनीहरूलाई यो बनाउन समस्या हुने हो कि जस्तो देखिन्छ- उनले भने - यसले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न चाहिँ सहयोग नै हुन्छ होला !

विभागका निर्देशक केशरी कार्ड बनाउन बाँकी रहेका मानिसहरूलाई सकेसम्म छिटो यसमा समेट्न विभागले घुम्ती टोली पनि परिचालन गरिरहेको बताउँछन्। नेपालमा राष्ट्रिय परिचयपत्र भइसकेपछि अहिले सबै सुविधा पाउनुहुन्छ। कार्ड नभएका मानिसहरूलाई पनि वडा-वडाबाट पनि कार्ड वितरणका लागि टोली खटाउँछौं,-केशरीले भने।

## वैदेशिक ...

रोजगारीमा ठगिएका नेपालीलाई सघाउन सरकारीस्तरबाट ठोस प्रयास हुनुपर्ने बताए।

वैदेशिक रोजगारीमा गएका श्रमिकले पाइरहेका दुःखका बारेमा म जानकार छु, श्रमिकमाथि भइरहेको शोषण रोक्न सरकारलाई आग्रह गर्दछु - सभापति देउवाले भने। वैदेशिक रोजगारीमा गएका नेपालीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा ठूलो योगदान गरेको भन्दै पूर्वप्रधानमन्त्री देउवाले श्रमिकको समस्या समाधान गर्न सरकार गम्भीर हुनुपर्ने बताए।

पार्टी नेता डा. शेखर कोइरालाले सरकार परिवर्तन हुने बित्तिकै नीतिनियम परिवर्तन भइरहने समस्याका कारण व्यवसायी मारमा परेका बताए। 'भिजिट भिसा'मा विदेश जाने र त्यहाँ लुकेर काम गर्ने प्रवृत्ति बढेकाले त्यसलाई रोक्न सरकार लाग्नुपर्ने उनको भनाइ थियो। उनले राजनीतिक स्थायित्व नभएसम्म सुशासन कायम हुन नसक्ने भएकाले राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक भएको बताए।

कांग्रेसका केन्द्रीय सदस्य एवम् वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका प्रमुख प्रकाश रसाइलीले कानूनअनुसार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेका व्यवसायीलाई सरकारी निकायका केही पदाधिकारीले दुःख दिएको आरोप लगाए।

अर्का केन्द्रीय सदस्य सीता देवकोटाले वैदेशिक रोजगार व्यवसायलाई संरक्षण गर्नेगरी नीति बनाउनु पर्नेमा जोड दिइन्। सोही दलका केन्द्रीय सदस्य अब्दुल सतारले वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन आवश्यक भएको बताएका थिए।

नेपाल वैदेशिक रोजगार सङ्घका अध्यक्ष राजेन्द्र भण्डारी, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष कुमोद खनाल लगायतले वैदेशिक रोजगार व्यवसायमा संलग्न व्यवसायीले श्रमिकको समस्या समाधानका निम्ति हरसम्भव प्रयत्न गर्दै आएको बताएका थिए।

## दिक्तेल ...

गरेको थियो। दाहाल र राईले काम नगरेपछि अहिले श्री निक बिल्डर्स प्रालिका प्रोप्राइटर भैरव बस्नेतलाई जिम्मा दिइएको याक्थुङहाङ-साप-सिरुवा जेभीले जनाएको छ। कालोपत्र भइरहेको दिक्तेल-खानीडाँडा-आहाले सडक यही जेठ मसान्तमा सम्पन्न गरेर असार पहिलो साताभित्र प्राधिकरणलाई हस्तान्तरण गर्ने गरी काम भइरहेको प्रोप्राइटर बस्नेतले बताउनुभयो।अघिल्लो ठेकेदार कम्पनीले नाली, साइड ड्रेन, ग्राभेल, बेस तथा सब-बेसलगायत अधिकांश भौतिक संरचनाका काम सम्पन्न गरेको भनेर भुक्तानी लिएका रहेछन्। ती कामहरु अहिले पुनः गर्नु पर्‍यो। हामीले जिम्मा लिएको काम तोकिएको समयमा सम्पन्न गर्ने तयारी छ- उनले भने -अहिले दक्ष जनशक्तिसहित ७० जना कामदार खटिएका छन्। जेठ मसान्तभित्र कालोपत्रको सबै काम सकिन्छ।

अघिल्लो दुईवटा ठेकेदार कम्पनीका प्रतिनिधिले प्राधिकरणबाट रु. १३ करोड ६९ लाख पाँच सय ३८ भुक्तानी लिइसकेका छन्। बाँकी कालोपत्र सम्पन्न गर्न श्रीनिक बिल्डर्स प्रालिले रु. सात करोड २२ लाख तीन हजार चार सय ३५ मा पेटी ठेक्का लिएको हो। सडकको नाली, रिटेनिङ वाल, ग्राभेल आरसिसी ढलान, साइड ड्रेन, ग्राभेलसहित ६.२५ मिटर चौडा हुने सडकको ३.७५ भागमा कालोपत्र हुनेछ। १८ महिनाभित्र सम्पन्न गर्ने भनिएको सो सडक विसं २०७५ मङ्सिर १ गते तत्कालीन प्रतिनिधिसभा सदस्य विशाल भट्टराईले शिलान्यास गरेका थिए।

निर्माणमा ठेकेदारको चरम लापरबाही भएपछि प्राधिकरणले विसं २०७६ पुस ९ गते लिखितरुपमा पत्राचार गरी काम रोक्न निर्देशन दिएको थियो। माटो मिसिएको बालुवा तथा एक टिन सिमेन्टसँग दश टिन बालुवा/गिट्टी घोलेर प्रयोग भइरहेको गुनासो आएपछि निर्माण रोकिएको थियो।

## तोकिएकै ...

साधारणसभाबाट साङ्गठनिक र आर्थिक प्रतिवेदनका साथै पत्रकारितालाई शुद्धीकरण गर्नेलगायत विभिन्न घोषणापत्र पारित गरेको छ। सो प्रदेश कमिटीको अधिवेशनको उद्घाटन सभामुख देवराज घिमिरेले गरेका थिए।

## तराईमा ...

स्वास्थ्य प्रशासक समीरकुमार अधिकारीले बताए।

संयुक्त राष्ट्रसंघको विपद जोखिम न्यूनीकरण कार्यालयले तातो हावाको लहर अर्थात् 'लू' लाई जलवायुजन्य विपद मानेको छ। तर नेपालमा केन्द्रीय स्तरमा तथा पालिकामा आवश्यक पूर्व तयारी पाइँदैन। मौसम पूर्वानुमान महाशाखाले भने तापक्रम वृद्धिको पूर्वानुमानको आधारमा सावधानी अपनाउन आग्रह गर्दै आएको छ। तर धेरै विज्ञले 'लू' को अवस्था आएको बताइरहँदा पनि जल तथा मौसम विज्ञान विभागले 'लू' चलेको घोषणा गरेको पाइँदैन।

विभागकी सूचना अधिकारी एवम् वरिष्ठ मौसमविद् विभूती पोखरेल तोकिएको मापदण्ड पूरा भएमा 'लू' घोषणा हुने बताउँछन्। तर कति तापक्रम पुग्नुलाई 'लू' भन्ने मापदण्डका बारेमा विज्ञबीच एक मत पाइँदैन। जलवायु विपद् विज्ञ डाक्टर धर्मराज उप्रेती गर्मी धेरै भएको बेलामा तिर्खा नलागे पनि शुद्ध पानी प्रशस्त पिउन, उपलब्ध भएसम्म दही, मोही, सर्वत, कागती पानी पिउन, ताजा फलफूल खान, दिउँसो घाममा ननिस्कन र घर बाहिर निस्किँदा टाउको छोप्नुको साथै पातलो सुतिको कपडा प्रयोग गर्न सुझाव दिन्छन्।


**कर्मचारी आवश्यकता**

**१) होटल कर्मचारी : ४ जना**
- फेमिली सहितको श्रीमान, श्रीमती हुनुपर्ने छ।
- खाना, बस्नसहित होटल रेखदेख गर्नुपर्ने छ। होटलमै बस्नु पर्ने छ।

**१) वेट्रेस (महिला) : २ जना**

**सम्पर्क : ९७०४४६०५२२**


# विरोधमा उत्रिए कोकोहा खोला क्षेत्रका बासिन्दा

**धरान, जेठ ५।** खानेपानीको पाइप बिछ्याउन श्रमदान गर्ने टोलीसहित कोकाहा खोला पुगेका धरानका मेयर हर्क साम्पाङको स्थानीय बासिन्दाले विरोध गरेका छन्।

मेयर साम्पाङ 'कोकाहा खोला-२' योजना अन्तर्गत शनिबार बिहान श्रमदान गर्ने टोलीसहित कोकोहा खोला पुगेका थिए। धरान-२० बासिन्दासँग कुनै छलफल नगरी पाइप बिछ्याउन थालेपछि स्थानीय प्रतिरोधमा उत्रिएका थिए।

स्थानीय बासिन्दा र साम्पाङको टोलीबीच केहीबेर भनाभन भएको थियो। झडपको स्थित आएपछि प्रहरी परिचालन गरिएको थियो। प्रहरी नायव उपरीक्षक मानबहादुर राईको नेतृत्वमा पुगेको टोली स्थिति नियन्त्रणमा लिएको हो। नेपाल प्रहरीसँग सशस्त्र प्रहरी नगर प्रहरीको टोली परिचालन गरेर स्थिति साम्य पारिएको डीएसपी राईले बताए। दुवै पक्षबीच धकेलाधकेल हुँदा एक जना घाइते भएका छन्।

यसअघि पनि मेयर साम्पाङले कोकाहा खोलाबाट पानी ल्याएका थिए। फेरि दोस्रो पटक पानी ल्याउन खोजेपछि बिष्णुपादुकास्थित ज्यामिरेमा स्थानीय बासिन्दा प्रतिकारमा उत्रिएका हुन्। धरान-२० का बासिन्दाले पानीको अभाव खेपिरहेको वेला समन्वय नै नगरेर पानी लग्न खोजिएपछि विवाद भएको वडाध्यक्ष पदम लिम्बूले बताए। जनप्रतिनिधि र स्थानीय बासिन्दासँग समन्वय गर्नुपर्नेमा त्यस्तो नभएको उनको भनाइ थियो। स्थानीय बासिन्दाले मेयर साम्पाङको टोलीलाई पाइप बिछ्याउन नदिएर धपाउन खोजेको थियो। वडाध्यक्ष लिम्बू र पूर्व वडाध्यक्ष मणिराम राई सहितले स्थानीय बासिन्दालाई शान्त पारेका थिए। त्यसपछि झण्डै एक घण्टा भएको छलफलमा मेयर साम्पाङले आफ्नो गल्ती भएको स्वीकार्दै स्थानीय बासिन्दाको माग पूरा गर्ने सहमति गरेका छन्।

त्यस्तै, स्थानीय बासिन्दाका लागि स्वारा क्षेत्रमा पानी व्यवस्थापन गर्न कोकाहा खोलाबाट पम्पमार्फत लिफ्ट गरेर रिजर्भ ट्याङ्कसम्म पानी पुर्‍याउने साम्पाङले लिखित सहमति गरेका छन्। यसैगरी, आगामी आर्थिक वर्षमा धरान-२० लाई प्राथमिकतामा राखेर पाँच करोड बजेट विनियोजनका लागि पहल गर्ने पनि मेयर साम्पाङले सहमति जनाएका छन्। उनले स्थानीय बासिन्दालाई सम्बोधन गर्दै सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्।

त्यसपछि मात्रै स्थानीय बासिन्दाले मेयर साम्पाङको टोलीलाई खानेपानीको पाइप बिछ्याउन दिएका थिए। कोकाहा खोला-२ योजना अन्तर्गत धरान बजार क्षेमा पानी ल्याउन पाइप बिछ्याउन थालिएको छ।

# ताप्लेजुङ-झापा सरोकार समाजको सहयोग

**अर्जुनधारा, जेठ ५।** ताप्लेजुङ-झापा सरोकार समाज अर्जुनधारा नगर समितिको बैठक शनिबार विभिन्न निर्णय पारित गरी सम्पन्न भएको छ।

समितिले गत चैत २७ गते आफ्नै घरबाट सिटी सफारी चोरी भएका अर्जुनधारा-५ निवासी बलराम दाहाललाई एक लाख रुपैयाँ सहयोग रकम प्रदान गरेको छ। समितिका अध्यक्ष भीमचन्द्र भट्टराई र समाज झापाका सल्लाहकार कमल गुरागाईंले उक्त सहयोग रकम दाहाललाई संयुक्तरुपमा हस्तान्तरण गरेका थिए।



दाहाल परिवारको आम्दानीको मुख्य स्रोतकोरुपमा रहेको सिटी सफारी चोरीको जानकारी आफूले पाएपछि अर्जुनधारा नगरपालिकाका कर्मचारी एवम् समितिका सदस्य राजकुमार गौतमले सहयोग रकम संकलनका लागि सामाजिक सञ्जालमार्फत् अभियान सञ्चालन गरेका थिए। मानवीय भावनाको नाताले उहाँहरुको पीडामा केही मल्हम लगाउन सकिन्छ भन्ने अभिप्रायले आफूले अभियान सञ्चालन गरेको हो - सदस्य गौतमले स्पष्ट पारे।

त्यसैगरी समाजले अर्जुनधारा-९ निवासी अपाङ्गता भएकी पुनम कटुवाललाई पनि १० हजार रुपैयाँ सहयोग रकम प्रदान गरेको थियो। त्यस्तै समाजको प्रथम साधारण सभा जेठ २६ गते शनिबार आयोजना गर्ने निर्णय गरिएको समितिका सचिव यज्ञ सिटौलाले जानकारी दिए।

समितिका अध्यक्ष भीमचन्द्र भट्टराईको अध्यक्षतामा सम्पन्न बैठकको सञ्चालन सचिव सिटौलाले गरेका थिए। बैठकमा समितिका उपाध्यक्ष सूर्यप्रसाद अधिकारी, सदस्य शान्तिप्रसाद चौहानलगायतको सहभागिता थियो। गत वर्ष गठन भएको समाजले यस अघि पनि विभिन्न सामाजिक गतिविधिहरु सञ्चालन गर्ने गरेको बताइएको छ।







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# संसदलाई मुठभेडको थलो नबनाऊ

राजनीतिक दलहरु सत्तास्वार्थका पछि दौडिरहेका आरोप लागीरहेका बेला त्यसैलाई पुष्टि गर्ने व्यवहार सार्वजनिक रुपमै असरल्ल देखिएको छ । अहिलेसम्म सत्तामा रहेका, सरकारको नेतृत्व गरेको र झण्डै विगत तीस वर्षदेखि शासन गर्दै आएका कांग्रेस, एमालेका नेताहरु नै ठूला–ठूला भ्रष्टाचारका काण्डमा विवादित पात्रका रुपमा देखिन थालेपछि दलहरुको विश्वास र भरोसा पनि कमजोर हुन थालेको अनुभव गरिँदैछ । पछिल्लो पटक जनप्रतिनिधिहरुको माथिल्लो संस्था प्रतिनिधिसभामा देखिएको प्रदर्शन र मुठभेडको अवस्थाले दलहरु सत्ता र स्वार्थ केन्द्रित राजनीतिको दलदलमा डुबेको प्रमाणित भइरहेको छ ।

संसद जनताले भोगेका दुःख, पीडा, अभाव र विद्यमान विसंगतिहरुको अन्त्यका लागि र जनभावना मुखरित गर्ने थलो हो । तर, संघीय संसद मात्र होइन प्रदेशमा पनि त्यस्तै अवाञ्छित गतिविधि र व्यवहार हुर्किरहेको छ । अहिले गृहमन्त्री तथा उपप्रधानमन्त्री रहेका रवि लामिछाने माथि संसदीय समिति बनाएर छानविन गर्नुपर्ने भन्दै नेपाली कांग्रेसले संसद अवरुद्ध गरेको छ । हिजो आफू सत्तामा सँगै बसेर सहकार्य गरेको कांग्रेस, नयाँ समीकरण अनुसार प्रतिपक्षमा रहँदा छानविनको मागलाई मुख्य मुद्दा बनाउन अग्रसर छ । गएको शुक्रबार त संघीय संसदमा यतिसम्म भयो कि प्रतिपक्षहरु सत्तापक्षको आसन मै पुगेर सत्तापक्षलाई थुनछेक गर्नै उद्धत भए ।

संसद त्यसो त विवाद र समस्याको निरुपण गर्ने थलो हो । यसक्रममा सत्तालाई सचेत र खबरदारी गराउँदै जनभावना, जनादेश र जनआवश्यकतालाई केन्द्रमा राखेर राष्ट्रिय हितमा अग्रसर गराउनु उसको दायित्व हो । तर, दलहरु अधिकांश कालमा सत्ता स्वार्थलाई केन्द्रमा राखेर सञ्चालित भएका छन् । विगतमा टनकपुर सन्धि, दासढुङ्गा दुर्घटना, प्रधानन्यायाधीशबिरुद्धको महाभियोग, कालापानीबाट भारतीय सेना हटाइनुपर्ने जस्ता महत्त्वका विषयमा संसद अवरुद्ध भएका थिए । त्यस्तै गिरीजाप्रसाद कोइरालामाथि छानविनको माग राखेर नेकपा एमालेले गरेको अवरोध होस् वा अध्यादेश रोक्न गरेको अवरोध होस् यी सबै निरर्थक भएका दृष्टान्त हुन् ।

तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले प्रस्तुत गर्न लागेको बजेटका विरोधमा माओवादीले ब्रिफकेस नै फुटाएको, प्रदेश सीमाङ्कनको विषयमा भएको अवरोधका अघिल्ला शृंखला थिए । संसदको अवरोध खुलाउने दायित्व सभामुख र सत्तापक्ष दुबैको हो । त्यसका लागि सभामुख देवराज घिमिरेले पटक–पटक वार्ता गरेका पनि छन् । तर, यी निष्फल भइरहेका छन् । वार्ताको सफलता त्याग र त्याग मै निर्भर हुन्छ । प्रत्येक विवादको अन्त्य वार्ता र संवादबाटै हुने भएकाले फेरि पनि दलहरुले त्यही बाटोलाई पछ्याउनुपर्छ । दलीय र सत्ता स्वार्थलाई नत्यागी समाधान हुँदैन त्यसप्रति दुबै पक्ष सचेत होउन् । अन्यथा मुढभेडले दुर्घटना निम्त्याउँछ र त्यसको असर अकल्पनीय हुन सक्छ ।



कृष्ण सेढाई



# जलवायु परिवर्तनका असर

केही वर्षदेखि संसारभर जलवायु परिवर्तनको असर भयावह रूपमा देखिन थालेको छ। गत अप्रिल १४ र १५ मा खाडी मुलुक युएई, ओमान, बहराइन र साउदी अरेबियाका केही भागमा जलवायु परिवर्तनको असर अस्वाभाविक रूपमा देखियो। युएईमा परेको असामान्य वर्षाले युएईको जनजीवन मात्र प्रभावित भएन, युएईमा बनेका र बन्दै गरेका कैयौँ विकासका पूर्वाधारका संरचनालाई नराम्रो गरी क्षति पुऱ्यायो। यो वर्षाले युएईको हवाईमार्ग र सडकमार्ग समेत अबरुद्ध हुन पुग्यो। भारी वर्षाले बिगारेका संरचनालाई मर्मतसम्भार गर्न अर्बौं डलर लाग्ने अनुमान गरिएको छ।

त्यतिमात्र होइन, वर्षाले थुपारेको फोहोर सफा गर्न मात्र एक अर्ब डलर लाग्ने बताइएको छ। ओमानमा २० जना र युएईमा चार जनाको ज्यान गयो। बहराइन र साउदी अरेबियामा मानवीय क्षति नभए पनि भारी वर्षाले भौतिक संरचनामा नोक्सानी पुऱ्यायो। पूर्वी युरोपको मध्य अक्षांशीय रेखाबाट बगेको तीव्र आँधीले युएईलगायत एसियाका अन्य भू-भागमा समेत भारी वर्षा भयो। युएईमा परेको वर्षा ७५ वर्षपछिको सबैभन्दा ठूलो भएको जनाइएको छ। साउदी अरब, पाकिस्तान, नेदरल्यान्ड, स्विडेन, अमेरिका, क्यानडा, फ्रान्स र बेलायतका अनुसन्धाताको समूहले गरेको अध्ययन अनुसार मानवीय हेलचेक्र्याइँकै कारण जलवायु परिवर्तन भयो र यो दुःख भोग्नु परेको हो। पूर्वी एसिया, चीन लगायतका मुलुकमा समेत भारी वर्षा, तीव्र आँधीले जनजीवनमा ठूलो असर पुऱ्यायो।

विश्वव्यापी रूपमा बढ्दै गएको तापमान वृद्धिले संसारभर असामान्य अवस्थाको सामना गर्नु परेको छ। तापमान वृद्धिकै कारण संसारकै सबैभन्दा ठुलो अन्टार्टिकाको आइसबर्ग (हिमखण्ड) फुटेको खबर छ। यो हिउँपहाड दक्षिणतर्फ सरेको बताइएको छ। ३० वर्षपछि यो हिउँपहाड सरेको हो। यो हिउँपहाड करिब चार हजार वर्ग किमीमा फैलिएको छ। यो हिउँपहाड अमेरिकाको न्यूयोर्क शहरभन्दा करिब तीन गुणा ठूलो छ। ए२३ए नाम दिइएको यो हिउँपहाड सबैभन्दा पुरानोमध्येको एक मानिएको छ। विश्वव्यापी रूपमा तापक्रमको सन्तुलन कायम गर्ने अन्टार्टिकाको आइस भण्डार पग्लँदा जलवायुमा ठुलो असर परेको छ। यसरी जनवायु परिवर्तनको क्रमलाई सन्तुलित बनाइएन र बढ्दो तापक्रमलाई नियन्त्रण गरिएन भने यसले विकराल समस्या उत्पन्न गराउने निश्चित छ।

विश्वव्यापी रूपमा बढ्दै गएको तापक्रम अहिले पनि नियन्त्रण बाहिर नै छ। गत वर्ष सन् २०२३ को ३० नोभेम्बरदेखि १२ डिसेम्बरसम्म युएईमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनले ठोस निर्णय लिन सकेन। यद्यपि ११ हजार गिगावाट सोलार प्लान्ट स्थापना गर्ने प्रतिबद्धता यो सम्मेलनमा व्यक्त गरिएको थियो। त्यसलाई सकारात्मक नै मान्न सकिएला तर औद्योगिक राष्ट्रहरूको पहलकदमी नभएसम्म यस्तो सम्मेलनले सार्थकता पाउन मुस्किल पर्छ।

जलवायु परिवर्तनले तापक्रम वृद्धि गर्नेछ, जसका कारण हरितगृह ग्यास उत्सर्जन हुनेछ, जसले ओजोन तहमा क्षति पुऱ्याउने छ। अस्वाभाविक रूपमा तीव्र गतिको आँधी आउने छ, जुन आँधीको प्रकोप हाल विश्वव्यापी रूपमा देखिन थालेको छ। जलवायु परिवर्तनकै कारण उच्च खडेरीको सम्भावना बढ्ने छ। समयमा पानी नपरेर खाद्य उत्पादनमा नकारात्मक प्रभाव पर्ने निश्चित छ। संसारभरका समुद्रको सतह बढ्ने छ।

यदि अन्टार्टिकाको हिउँ पग्लँदै गयो भने विश्वभरका समुद्री किनारका सहरको अस्तित्व लोप हुनेछ। जलवायु परिवर्तनको असरले कैयौँ प्रजाति पृथ्वीबाट लोप हुने छन्। खाद्य भण्डार कम हुने र मानव जीवनका लागि पर्याप्त खानेकुराको अभाव हुनेछ। मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्नेछ। गरिबीले मानिसलाई आफ्नो वासस्थानबाट विस्थापित गर्ने छ। यति गम्भीर विषयलाई समेत विश्वका शक्तिशाली राष्ट्रले गम्भीर रूपमा लिएको भने देखिँदैन।

जहाँसम्म नेपालको प्रसङ्ग छ, नेपाल यसै पनि जलवायु परिवर्तनको असरबाट बढी प्रभावित भएको र भोलिका दिनमा हुन सक्ने मुलुक हो। नेपाल भौगोलिक विविधता भएको मुलुक हो। यहाँ करिब पाँच हजार नदीनाला छन्। कैयौँ हिमनदी हिमालको काखबाट बगिरहेका छन्। जलवायु परिवर्तन हुने क्रम रोकिएन भने नेपालका कैयौँ हिमताल फुट्ने र बाढीको प्रकोप निम्तिने निश्चित छ। अहिले पनि नेपालको तापक्रम ०.०६ डिग्री सेल्सियसका दरले बर्षेनि बढिरहेको अनुमान छ। यो क्रम रहिरह्यो भने सन् २०३० सम्म नेपालको तापक्रम १.७ डिग्री सेल्सियससम्म बढ्ने आकलन गरिएको छ। यदि अन्तर्राष्ट्रिय मौसम वर्ष २०१० को तथ्याङ्क लिने हो भने विश्वको तापक्रम ०.५३ डिगी सेन्टिग्रेटले बढिरहेको छ। हिमपहाडमा हिउँ जम्न सकेन भने भोलि नेपालका हिउँपहाड नाङ्गा पहाडमा रूपान्तरित हुने छन्, जसले गर्दा हजारौँ हिमतालको भविष्य समाप्त हुने छ। अनि कृषिका लागि चाहिने सिँचाइ, जलविद्युत्, पिउने पानीको अभाव भोलिको पुस्ताले भोग्नु पर्नेछ।

केही वर्षदेखि नेपालको मौसमी चक्र नै असन्तुलित र अनिश्चित बनेको छ। पानी आवश्यक पर्ने समयमा पानीको अभाव हुन्छ। हिउँदमा पनि आवश्यक वर्षा हुन सकेन। यसले गर्दा अहिले काठमाडौँको मात्र होइन, नेपालका प्रत्येक ठाउँको तापक्रम बढेको छ। काठमाडौँ, पोखरा लगायत ठाउँमा तुँवालोको समस्या देखिन थालेको छ। नेपालको पर्यटकीय शहर पोखरामा तुवाँलोका कारण उडान समेत अवरुद्ध हुन पुगेका छन्। तराईमा केही वर्षअघि आएको आँधीले ठूलो क्षति पुऱ्यायो। जलवायु परिवर्तनकै असरले केही वर्षदेखि डेङ्गुलगायत महामारी फैलिनेक्रम तीव्र छ। तापक्रम एक्कासि बढ्ने र घट्ने जस्ता समस्या देखिएका छन्। हावाहुरी जस्ता कारणले डढेलो फैलिन गएको छ।

जलवायु परिवर्तनले वातावरणीय प्रभाव, हिमताल पग्लने सम्भावना, महामारी, खडेरी जस्ता समस्याले नेपाललाई पिरोल्ने निश्चित छ, जसका लागि नेपाल जस्तो विकासोन्मुख देशले आफ्नो स्रोतसाधनले जलवायु परिवर्तनको एक प्रकारको प्रकोपलाई नियन्त्रण र सन्तुलन गर्न गाह्रो हुन्छ। त्यस्ता विषयमा अन्तर्राष्ट्रिय रूपमा गम्भीर कूटनीतिक पहल जरुरी छ। कूटनीतिक पहल गरी क्षतिपूर्ति लिने र जलवायु परिवर्तनको प्रभावलाई नियन्त्रण र सन्तुलित गर्ने पूर्वाधारको निर्माणमा अग्रसर हुनु नै आजको आवश्यकता हो। यस्ता गम्भीर विषयमा पहल गर्न अब ढिला गर्नुहुँदैन। *गोप*

# विश्वमा साइबर अपराधको बिगबिगी

ई. कुमार अभिनव



हालै इजरायलको राष्ट्रिय साइबर प्रणालीका प्रमुख अर्थशास्त्री श्लोमा सरफातीले एक कार्यक्रममार्फत 'व्यक्तिगत नागरिक र संस्थाको स्तरमा साइबर सुरक्षास्तर बढाउन कदम चालिएन भने जीवनका सबै क्षेत्रमा प्राविधिक विकासको निरन्तरतासँगै लागतहरू वर्षेनि बढ्दै जाने' बताएका छन्।

कृत्रिम बौद्धिकता (एआई)को आगमनसँगै विश्वमा साइबर अपराधको वृद्धि भइरहेको छ। साइबर अपराध अपराधको एक प्रकार हो, जसमा कम्प्युटरलाई अपराधको वस्तुको रुपमा लिइन्छ। साइबर अपराध भनेको कम्प्युटर नेटवर्क मार्फत गरिएको आपराधिक गतिविधि हो। अर्थात्, साइबर अपराधलाई इन्टरनेट र डिजिटल यन्त्रमार्फत कानूनद्वारा निषेध गरिएको अरूको निजी ठाउँमा गएर आपत्तिजनक सामग्री र दुर्व्यवहारको माध्यमबाट सञ्चालित गैरकानून गतिविधि भनेर परिभाषित गर्न सकिन्छ। बढ्दो प्रविधिको प्रयोगले मानिसको जीवनलाई अत्यन्तै सहज बनाए पनि यसको सही सदुपयोग नहुँदा यसले समाजमा विकृति पैदा गरिरहेको छ।

इजरायलको अर्थतन्त्रले साइबर आक्रमणका कारण वार्षिक १२ अर्ब डलर नोक्सान व्यहोरेको देशको राष्ट्रिय साइबर निर्देशनालयले जारी गरेको नयाँ प्रतिवेदनले जनाएको छ। उक्त प्रतिवेदनमा प्रस्तुत गरिएको रकम छोटो अवधिमा आक्रमणबाट हुने क्षतिलाई सम्हाल्ने लागतको विश्लेषणमा आधारित रहेको छ। साइबर आक्रमणबाट राष्ट्रिय उत्पादनमा परेको ठूलो आर्थिक भार र अर्थतन्त्रमा हुने नोक्सानी पहिलोपटक तथ्याङ्कले देखाएको एएनआइले उल्लेख गरेको छ।

भियतनामको प्रहरीले हालै घरेलु र अन्तर्राष्ट्रियरूपमा हजारौं फेसबुक खाता चोरी गरी नियन्त्रणमा लिएको आरोपमा २० जनालाई पक्राउ गरेको छ। यसबाट उनीहरूले झन्डै ४० लाख डलर नाफा कमाएका छन्। भियतनामी अनलाइन समाचारपत्र भिएनई एक्सप्रेसका अनुसार २५ हजारभन्दा बढी उच्च-मूल्य व्यापार खाताहरू अधीनमा लिन मालवेयर फैलाएको आरोप छ। मालवेयर भनेको प्रयोगकर्ताको सहमतिबिना कम्प्युटरमा स्थापना गरिएको सफ्टवेयर हो जसले पासवर्ड वा पैसा चोर्ने जस्ता खराब कार्यहरू गर्दछ।

मालवेयर पत्ता लगाउने धेरै तरिका छन्। तर, सबैभन्दा सामान्य खराब फाइलहरू वा प्रोग्रामहरूका लागि कम्प्युटर स्क्यान गर्नु हो। यो समूहको नेतृत्व ३१ वर्षीय दाङ डिन्ह सनले गरेको विश्वास गरिन्छ। उनले फेसबुक प्रयोगकर्ताको खाताको जानकारी चोर्नका लागि ४१ हजार दुई सय डलरको मालवेयर स्रोत खरिद गरेका थिए। यो मालवेयर प्रयोग गरी दुई फोटो सम्पादन साइट 'आर्ट बे एआई' र 'इभोटो स्टुडियो'सँग सम्बन्धित दुई लोकप्रिय फेसबुक फ्यान पृष्ठहरू नियन्त्रण गर्नका लागि प्रयोग गरेको त्यहाँको मिडियाले जनाएको छ।

आर्ट बे एआई (कृत्रिम बुद्धिमत्ता कला) डिजिटल कलाको कुनै पनि रूप हो जुन एआई उपकरणद्वारा सिर्जना वा परिष्कृत गरिन्छ। इभोटो स्टुडिया अर्को पुस्ताको फोटो रिटचिङ उपकरण हो। यसले फोटो सम्पादनका विभिन्न पक्षलाई स्वचालित र वृद्धि गर्न उन्नत कृत्रिम बुद्धिमत्ता प्रविधिहरू प्रयोग गर्छ। त्यसपछि तिनीहरूले फेसबुक प्रयोगकर्ताहरूलाई एउटा अनुप्रयोग डाउनलोड र स्थापना गर्न प्रलोभन दिएर यसको मालवेयरले प्रयोगकर्ताको उपकरणहरूमा प्रवेश गर्नेछ।

चोरी भएको डाटा सङ्कलन गरी सनद्वारा नियन्त्रित सर्भरमा फिर्ता पठाइयो र त्यसपछि टेलीग्राममा पाँच समूहहरूमा वितरण गरियो, ताकि उसको टोलीका सदस्यलाई प्रयोगकर्ता खाताहरू अपहरण गर्न अनुमति होस्। गिरोहले नाफाका लागि उच्च मूल्यका फेसबुक खाताहरू बेचेको थियो। कम मूल्यका अन्य खाता इ-कमर्स प्लेटफर्महरूमा कपडा र अन्य वस्तु बेच्न विज्ञापन चलाउन प्रयोग गरियो। त्यसबापत अभियुक्तले ३८ लाख डलर कमाएको थियो। अप्रिलसम्म भियतनाम फेसबुक प्रयोगकर्ताहरूको कुल संख्याको आधारमा विश्वमा सातौं स्थानमा रहेको समाचार ऐजेन्सी एएफपीमा उल्लेख भएको थियो।

त्यस्तै एउटा वेबसाइट जसले अन्तर्राष्ट्रिय साइबर ठगीकर्तालाई ७० हजार ब्रिटिस पीडितलाई बैंक खाता विवरण र पासवर्ड जस्ता व्यक्तिगत जानकारीहरू प्रकट र ठगी गर्न अनुमति दिएको लन्डन प्रहरीले बताएको छ। उनीहरूले ल्याबहोस्ट साइट कब्जा गरेको थिए, जसले दुई हजारभन्दा बढी अपराधीलाई 'फिसिङ' साइटहरू सिर्जना गर्न सक्षम बनाएको छ। फिसिङ एक प्रकारको सोसल इन्जिनियरिङ आक्रमण हो, जुन प्रायः लगइन प्रमाण र क्रेडिट कार्ड नम्बरसहित प्रयोगकर्ता डेटा चोरी गर्न प्रयोग गरिन्छ। यसले पीडितलाई चार लाख ८० हजार बैंक कार्ड नम्बर र ६४ हजार नम्बरहरू प्रकट गर्न पाएको छ।

बेलायत र विदेशमा कानून प्रवर्तनले अप्रिलदेखि ३७ जनालाई गिरफ्तार गरेको र अन्य आठ सय जनाले पुलिसलाई उनीहरूको पहिचान थाहा छ भनेर चेतावनी दिइएको थियो। तीमध्ये धेरैको अनुसन्धान जारी रहेको छ। बेलायती प्रहरीले हजारौँको व्यक्तिगत डाटा चोरी गर्ने साइबर जालसाजी नेटवर्कलाई अवरुद्ध गरेको छ। साइटले ४० हजार घोटाला साइट सेट अप गर्न एक सय ७० कम्पनीहरूको प्रोफाइलहरू प्रयोग गर्न कम प्राविधिक जानकार प्रयोगकर्ताका लागि टेम्प्लेट र कसरी गर्ने पाठ प्रदान गऱ्यो। पुलिसले २५ हजार बेलायतका पीडितलाई उनीहरूको डेटा सम्झौता भएको बारे सूचित गरेको समाचार ऐजेन्सी एपीले प्रकाशित गरेको छ।

डिजिटल साक्षरता कम भएका नेपाल जस्ता मुलुकमा यो समस्या अझ विकराल बन्दैछ। नेपालमा यस वर्ष नौ हजार १३ साइवर अपराधका मुद्दा दर्ता भएको छ। मुख्यतः नेपालमा फिसिङ अटैक, फेक प्रोफाइल, सेक्स टोसनजस्ता मुद्दा बढी दर्ता भएको साइबर ब्यूरोले जानकारी दिएको छ। सेक्स टोसन अपराधमा, अपराधीले पीडितलाई आफ्नो निजी र नग्न तस्बिर वा भिडियो फोनमा साझा गर्न प्रलोभन दिन्छ र प्रेरित गर्दछ। धेरै अवस्थामा व्यक्ति डेटिङ एप्स वा वैवाहिक वेबसाइट र एपहरू मार्फत अज्ञात व्यक्तिहरूसँग सम्पर्कमा आउँछन्। तिनीहरूसँग जोडिएका प्रोफाइल प्रायःनक्कली हुन्छन्। उदाहरणको रुपमा एक जना युवतीलाई करिब पाँच महिनाअघि सामाजिक सञ्जाल फेसबुकमा युवकको'फ्रेण्ड रिक्वेस्ट' आयो। फेसबुक वालमा युवतीको आकर्षक तस्वीर देखेपछि युवकले साथी बन्ने प्रस्ताव पठाएका थिए।

युवतीसँग युवकले केही दिन कुरा गरेपछि युवक युवतीसँग अत्याधिक नजिक हुँदै जान्छन्। करिब एक महिनाको कुरा गरेपछि युवकले युवतीलाई नग्न तस्विर र भिडियो साझा गर्न प्रेरित गर्छन्। पछि युवतीले दिएको नग्न तस्वीरहरु युवकले राखी युवतीलाई ब्ल्याकमेल गर्न थाल्छ। उसले पैसाका लागि युवतीलाई जबरजस्ती गर्न थाल्छ। पैसा नदिएको खण्डमा युवकले युवतीको तस्बिर र भिडियो इन्टरनेटमा उसको परिवार आफन्त साथीसँग सेयर गर्ने धम्की दिन्छ। हाल हाम्रो समाजमा यस्ता घटना बढिरहेको र साइवर अपराधलाई बढावा दिइरहेको छ।

साइवर अपराध २१औं शताब्दीको प्रमुख समस्या भएको छ। यसलाई समय अनुकूल रोक्न सकिएन भने भोलि कोभिड-१९ भन्दा बढी डरलाग्दो समस्या ल्याउन सक्ने साइवर सुरक्षामा संलग्न व्यक्ति बताउँछन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्ले समय अनुकूल कडा कानून निमार्णका लागि जोड दिइरहेको बेला नेपालमा पनि नयाँ कानून ल्याउन लागिएको छ। यसको कार्यान्वयनमा जोड दिन सकिएमा सामाजिक सद्भाव बढाउन र आपराधिक प्रवृत्तिलाई निरुत्साहित गर्न सहयोग पुग्नेछ।

# टिपताला पुगे नेपालतर्फका स्काभेटर र ट्र्याक्टर



**ताप्लेजुङ, जेठ ५।** छिमेकी मुलुक चीन र भारतलाई जोड्ने नेपालको सबैभन्दा छोटो दूरीको नाका टिपतालामा पहिलोपटक नेपालतर्फका गाडी पुगेका छन् ।

चीनको तिब्बतसँग जोडिएको टिपताला नाकामा एउटा स्काभेटर र ट्र्याक्टर पुगेको फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुङगोलाका वडाध्यक्ष छेतेन शेर्पाले जानकारी दिए । टिपताला पाँच हजार एक सय मिटरको उचाइमा पर्छ ।

विराटनगरको रानी भन्सार हुँदै टिपताला जोड्ने सडकको ट्र्याक खोल्ने कार्य यसअघि नै सकिएको थियो । सो सडक निर्माणको ठेक्का पाएको एलाइट जेभी निर्माण सेवाले ओलाङचुङगोलासम्म ट्र्याक खोल्ने कार्य केही दिनअघि सम्पन्न गरेको थियो ।

यता टिपतालादेखि ओलाङचुङगोलासम्मको २४ किलोमिटर दूरीको ट्र्याक खोल्ने कार्य केही वर्षअघि नै सम्पन्न भइसकेको छ । सडक निर्माणसँगै ओलाङचुङगोलाबासी तथा उत्तरी क्षेत्रका बासिन्दाको वर्षौंदेखिको सडकको सपना पूरा भएको छ ।

टिपतालादेखि विराटनगरस्थित रानी भन्सार करिब दुई सय ९२ किलोमिटरको दूरीमा जोडिन्छ । टिपताला नाकामा सडक पुगे पनि कोरोना महामारीमा बन्द भएको सो नाका अझै खुलेको छैन ।

# दश महिनामा पाँच हजारभन्दा बढी डढेलो



**झापा, जेठ ५।** करिब दश महिनाका अवधिमा पाँच हजार एक सय ३० वटा डढेलो सम्बन्धी घटना भएको छ ।

वन तथा भू-संरक्षण विभागको तथ्याङ्क अनुसार गत वैशाख महिनामा मात्र तीन हजार दुई सय ७० वटा डढेलोको घटना भएको छ । चालू आर्थिक वर्ष २०८०/०८१ को साउनयताको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी यस वर्ष बैशाखमा डढेलोको घटना भएका छन् । विभागको तथ्याङ्क अनुसार चालू आवका साउनमा डढेलोको घटना शून्य छ । वर्षात्को समयमा पानी पर्ने र वनजङ्गलको पातपतिङ्गर ओसिलो हुँदा डढेलो कम लाग्ने विभागले जनाएको छ ।

त्यसैगरी विभागको तथ्याङ्क अनुसार भदौमा एक, असोजमा तीन, कात्तिकमा पाँच, मङ्सिरमा ३५, पुसमा एक सय तीना आगलागीका घटना भएका थिए । यसैगरी माघमा जम्मा ८३ वटा आगलागीका घटना भए भने फागुनमा डढेलाको संख्या बढेर दुई सय छ पुग्यो । चैत महिना अझै बढी सुक्खा हुँदै गएपछि डढेलाको घटना पनि बढेर एक हजार चार सय २४ पुगेको विभागको तथ्याङ्कमा उल्लेख छ ।

त्यस्तै बैशाखमा अझै डढेलोको घटना बढेर तीन हजार दुई सय ७० पुग्यो । विभागका अनुसार चालू आवको बैशाख मसान्तसम्म पाँच हजार एक सय ३० वटा आगलागीका घटना भएका छन् । विभागको तथ्याङ्क अनुसार यही जेठयता भने ३० डढेलोको घटना भएकामा जनाइएको छ । एकैदिन सात डढेलोको घटना भएका छन् । विभागका अधिकृत गोविन्द श्रेष्ठले स्रोतसाधन अभाव, प्रशस्त पूर्वतयारी र तालिमको व्यवस्था नहुनु, आवश्यकत अनुसार बजेट नहुनु, नेपालको भौलिक विकटताका कारण डढेलो नियन्त्रणमा समस्या भएको बताएका छन् ।

'नेपालको भिरालो स्थान र हावाको गति बढ्दा पनि डढेलो नियन्त्रणमा चुनौती भएको छ' -उनले भने- 'डढेलो नियन्त्रणका लगि अन्तरसरकारी निकाय तथा अन्य सरोकारवाला निकायबीचको समन्वय आवश्यक रहेको छ ।' उनका अनुसार डढेलोका कारण बर्सेनि वनजन्य स्रोतको विनास हुनु, वन्यजन्तुको नास हुनु, बासस्थानमा असर पुग्नु लगायतका समस्या उत्पन्न हुने गरेको छ । डढेलोविद् सुन्दर शर्माका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार पाँच सय हाराहारीमा डढेलाको घटना हुन्छन् ।

'८० प्रतिशत डढेलाको घटना फागुनको मध्यदेखि जेठको मध्यसम्म चार महिनामा हुने गर्छन् । चैत र बैशाखमा मात्र ६० प्रतिशत डडेलोका घटना हुने गर्छन् । यसकारण अहिले हामी उच्च जोखिमको समयमा छौं' -उनले भने- 'मध्य फागुनदेखि जेठको मध्यसम्म डढेलाका घटना हुने भएकाले यो समयमा एकदमै सतर्क भएर बस्नुपर्ने अवस्था छ । बैशाखको दोस्रो साता एकदमै डढेलो लाग्ने गर्छ । यो समयमा डढेलाको घटना बढी हुने गरेको पाइन्छ ।'

## माछा मर्नेक्रम नरोकिएपछि...

**झापा, जेठ ५।** तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित आँधीमूल मन्दिर परिसरमा रहेका पोखरीका माछा मर्नेक्रम नरोकिएपछि क्षमापूजा गरिने भएको छ ।

गत सोमबारदेखि मन्दिर परिसरमा रहेका माछा धमाधम मर्न थालेपछि यहाँ क्षमापूजाको तयारी गरिएको हो । आँधीमूल क्षेत्र संरक्षण समितिका अध्यक्ष हिमाल थापाको अध्यक्षतामा बसेको जनप्रतिनिधि र स्थानीयबासीको भेलाले सोमबार मन्दिर परिसरमा क्षमापूजा गर्ने निर्णय गरेको हो ।

मन्दिरमा परम्परागतरुपमा चली आएको रीतिरिवाज अनुसार बोका बलि दिइ क्षमापूजा गरिने उनले जानकारी दिए । यस ठाउँका सबै स्थानीयबासीको सहभागितामा क्षमापूजा गर्ने निर्णय भएको थापाले बताए । क्षमापूजाका लागि सबै वडावासीलाई न्यूनतम रु. तीन सय सहयोग गरी पूजा सम्पन्न गर्नका लागि आह्वान गरिएको वडाध्यक्ष प्रेम गुरुङले बताए ।

त्यस्तै पोखरीका माछा मर्नुको कारण 'एसिड डेथ' रहेको पशुपक्षी रोग अन्वेषण प्रयोगशाला पोखराले जनाएको छ ।

## चुरा-पोते बनाउने र उद्घोषक तालिम समापन



**कमल, जेठ ५।** इलामको चुलाचुली-१ मा सञ्चालित सात दिने क्रिष्टलबाट चुरा-पोते बनाउने र उद्घोषक तालिमको समापन भएको छ ।

झापाको कमल गाउँपालिका-३ केर्खामा मुख्य कार्यालय रहेको उद्यमशील महिला जागरण केन्द्रको आयोजना तथा चुलाचुली-१ नम्वर वडाको आर्थिक सहयोगमा सञ्चालित सात दिने क्रिष्टलबाट चुरा-पोते बनाउने र उद्घोषक तालिमको समापन भएको हो ।

तालिममा सात दिने क्रिष्टलबाट चुरा-पोते बनाउने र उद्घोषकतर्फ २०/२० जना सहभागी रहेका थिए । तालिममा सहभागीलाई वडाध्यक्ष लावतीले प्रमाणपत्र प्रदान गरेका थिए ।

तालिममा उद्घोषकतर्फको सहजीकरण नारायण बस्नेतले गरेका थिए भने क्रिष्टलबाट चुरा-पोते बनाउने तालिमको सहजीकरण तारा चौधरी गरेकी थिइन् ।

त्यस्तै सोही कार्यक्रममा एक महिने ढाका बुनाई तालिमको उद्घाटन भएको छ । उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता उप्रेती दाहालको अध्यक्षतामा सम्पन्न तालिम अन्तर्गत एक महिने ढाका बुनाई तालिमको उद्घाटन वडाध्यक्ष पूर्ण लावतीले गरेका थिए ।

एक महिने ढाका बुनाई तालिममा १० जना सहभागी रहने केन्द्रकी उपाध्यक्ष बबिता वाग्लेले जानकारी दिइन् । ढाका बुनाई तालिमको सहजीकरण तारा चौधरी गर्ने बताइएको छ । कार्यक्रममा नन्दकुमारी राईले स्वागत गरेकी थिइन् भने सञ्चालन सविता राईले गरेकी थिइन् ।

## आङदेम्बे सङजुम्भोलाई तीन कठ्ठा जग्गा



**दमक, जेठ ५।** दमकस्थित पापोहाङ आङदेम्बे ताङसेप सङजुम्भोलाई दमक-२ का दुई जना दाताले तीन कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका छन् ।

सङजुम्भोको कार्यालय भवन निर्माणका लागि दमक-२ निवासी समाजसेवी वीरबहादुर आङदेम्बेले भाङवारीमा रहेको आफ्नो नामको दुई कठ्ठा र उनका भतिज जीवन आङदेम्बेले एक कठ्ठा गरी तीन कठ्ठा जग्गादान गरेका हुन् ।

सङजुम्भोले एक कार्यक्रमका बीच जग्गादाता दुबैलाई सम्मान प्रदान गरिएको थियो । सङजुम्भो दमक नगर समितिका अध्यक्ष कमल आङदेम्बेको अध्यक्षता तथा दमक-२ का वडाध्यक्ष प्रजापति सापकोटाको प्रमुख आतिथ्यमा भएको थियो । सापकोटाले दाताले पुऱ्याएको यस किसिमको परोपकारी योगदान प्रंशसनीय भएको औल्याएका थिए ।

सङजुम्भो दमक नगर समितिका उपाध्यक्ष कर्ण आङदेम्बेले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष सापकोटा, सङजुम्भोका संस्थापक भवानी आङदेम्बे, पत्रकार विष्णु सुब्बा, बुद्धिमान चेम्जोङ, भक्त निङलेखु लगायतले बोलेका थिए ।

सङजुम्भोका सचिव मनबहादुर आङदेम्बेले सञ्चालन गरेको कार्यक्रममा जग्गादाताका परिवारहरु, सङजुम्भोमा आवद्ध अगुवा तथा सदस्यहरु लगायतको उपस्थिति रहेको थियो ।

दाताले प्रदान गरेको जमीनमा शुभेच्छुक तथा आङदेम्बे दाजुभाइहरुबाट सरसहयोग जुटाएर कार्यालय भवन निर्माण गरिने लक्ष्य राखिएको सङजुम्भो नगर समितिका सदस्य देउप्रसाद आङदेम्बेले बताएका छन् ।

## ओमसाईमा आँखाको उपचार सेवा शुरु

**भद्रपुर, जेठ ५।** भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलले बिरामीलाई एकै ठाउँमा सेवा दिने उद्देश्यले आफ्नो स्वास्थ्य सेवालाई विस्तार गरेको छ ।

हस्पिटलले यही जेठ १ गतेदेखि आँखा उपचार सेवा पनि शुरु गरेको छ । हस्पिटलको माथिल्लो तलामा करिब २५ करोड लागतमा अत्याधुनिक स्तरको प्रविधि प्रयोग गरेर आँखाको उपचार सेवा शुरु गरेको हस्पिटलका अध्यक्ष दीपककुमार पोखरेलले बताए ।

१५ दिनसम्म आँखाको बहिरङ्ग (ओपिडी) सेवासहित सम्पूर्ण चेकजाँच निःशुल्क गरिएको अध्यक्ष पोखरेलले बताए । अबको हप्तादिनभित्र आँखाको शल्यक्रिया पनि शुरु हुने बताउँदै मोतिया बिन्दु र रेटिनाको शल्यक्रिया हुने उनले बताए ।

डा. करिश्मा शाक्यसहितको प्राविधिक टोली आँखा उपचारमा खटिएका छन् । सरकारको स्वास्थ्य बिमाबाट पाइने अन्य सेवाहरू दिइरहेको अवस्थामा अब छिट्टै आँखाको उपचार पनि बिमाबाटै उपलब्ध गराउने हस्पिटलका निर्देशक बालकुमार पोखरेलले जानकारी दिए ।

## क्षमता अभिवृद्धी सम्बन्धी तालिम



**कमल, जेठ ५।** कमल गाउँपालिकामा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धी सम्बन्धी तालिम सम्पन्न भएको छ ।

न्यायिक समितिमा प्राप्त हुने उजुरीलाई दुबै पक्षको हित हुने गरी मेलमिलाप गराउने विषयमा मेलमिलापकर्ताहरुलाई तालिम प्रदान गरिएको हो । तालिममा वडा अध्यक्ष, वडा सचिव, प्रत्येक वडामा गठन भएका न्यायिक समितिका सदस्यहरुको उपस्थिती रहेको थियो ।

तालिममा उपस्थित सहभागीहरुलाई जिल्ला न्यायाधीश तेजबहादुर खड्का, प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका स्रोतव्यक्ति संगीता थापा र चेतन बिष्टले सहजीकरण गरेका थिए ।

न्यायिक समिति कमल गाउँपालिकाका उपाध्यक्ष तथा न्ययिक समिति संयोजक प्रमिला न्यौपाने तिवारीको अध्यक्षता भएको तालिम समापनको अवसरमा न्यायिक समिति सदस्य नवीन राई तथा सहभागीका तर्फबाट गौरा चापागाँई बोलेका थिए ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |


## हकदाबीको सूचना

झापा जिल्ला भद्रपुर नगरपालिका वडा नम्बर ९ बस्ने श्री भेन्दु राजवंशीको नाति–नातिनी श्री गणेश राजवंशीको छोरा/छोरी श्री अधर राजवंशीको मिति २०८०/०१/२० गते मृत्यु भएकोले निजको नाममा यस श्री हरि सेक्युरिटिज प्रा.लि. बिर्तामोडमा भएको ब्रोकर एकाउन्ट नम्बर 20240225226 मा भएको सम्पूर्ण रकम नियमानुसार उपलबध गराई पाउँ भनी मृतकको छोरा बिरेन राजवंशीले हकदावीको निवेदन दिनुभएको हुँदा निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाणसहित दावी गर्न आउनुहुन धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनिमय १० को ग्राहक सङ्ग भएको सम्झौता पत्र बमोजिम तथा नेपालको प्रचलित ऐन/कानून बमोजिम प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दाबी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**श्री हरि सेक्यूरिटिज प्रा.लि.**
बिर्तामोड शाखा (फोन नम्बरः ०२३–५३२१३२)


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| प्रेमप्रसाद सिटौला | पथरिया–९ | १५६<br>१५७ | ९०६५.००<br>७६५.०० | पगला सतानु/चाकोल राजवंशी/चाकल रा.व./सतानु |
| शान्तादेवी सिटौला | पथरिया–९ | १५५ | ७१२०.०० | रा.व. |
| मानबहादुर लिम्बु | पाठामारी–७ | ५७ | ७०६५.०० | चाकल/चाकोला/चाकला राजवंशी |
| मानबहादुर लिम्बु | पाठामारी–७ | ५८ | १२३००.०० | भाद्रु राजवंशी |
| भुवावती बिष्ट | बालुबाडी–७ | ४७ | ९३९०.०० | खाउसी राजवंशी |
| सरस्वती कार्की | दमक–८ | | ०–१२–० | गर्मा/शर्मा सतार |
| बगुवा राजवंशी | कुमरखोद–७ | ६११ | ३०४७.६७ | भोकोसरी राजवंशी |
| यसोदादेवी काफ्ले | पाचगाछी–७ | ३९९ | १–८–१५ | ठुलो सतानु/ठुले सतान राजवंशी |
| मंजु भण्डारी | पथरिया–४ | २१४५<br>२१४७ | ७०.००<br>२६८.६३ | भागी लाल राजवंशी<br>इजारली मिया |
| बलभद्र फुयल | पथरिया–४ | २२१०<br>२२१२ | २९९.४७<br>२३.३६ | इजारली मिया |
| आइतमाया तमाङ | चकचकी–६ | ४८० | ०–१२–० | जेठ मुर्मु सतार |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।